# गोरखा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड: ७ संख्या: २ मिति: २०८०।०४।०५ भाग: २


## गोरखा नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ (पहिलो संशोधन)

"आर्थिक कार्यविधि नियमित गर्ने ऐन, २०७४" को दफा ३१ बमोजिम जारी

परिच्छेद -५

७.पारवहन सुविधा:

७. सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई सवारीसाधन मोटरसाइकल तथा स्कुटर मर्मत वापत बार्षिक रु १२०००।- सम्म बिल भरपाईको आधारमा भुक्तानी दिएकोमा यो नियम संशोधन गरी सम्बन्धित सवारी साधन प्रयोगकर्ता कर्मचारीहरुलाई निजहरुले मर्मत वापतको सुबिधा मासिक रुपमा निजहरुको बैंक खातामा नगदै उपलब्ध गराइनेछ ।

अनुसूची १

नियम ९ को उपनियम (१) सँग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

| क्र स | तह/पद | इन्धन बापत |
|---|---|---|
| ३ | भौतिक पूर्वाधार तर्फका योजनाहरु तथा नक्शापास कार्यमा फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई मासिक रु | ३०००। (तीन हजार) |
| | फिल्डमा खटिन नपर्ने प्राविधिक तथा प्रशासनिक सबै कर्मचारीहरुको लागि मासिक रु | २०००। (दुई हजार ) |

इन्धन सुविधा पाउने आधारहरु,

१। इन्धन सुविधा भुक्तानी गर्दा, विगत दुई वर्ष देखि कुनै पनि विभागिय कारवाही तथा स्पष्टिकरणमा नपरेका कर्मचारीहरु तथा निजहरुको सवारी चालक प्रमाण पत्र र सवारी साधानको व्लु बुकको आधारमा मात्र इन्धन सुविधा उपलब्ध गराईने छ ।

२। न पा को थप अत्यावश्यक काममा औचित्य हेरी प्रमुख प्रशासकीय अधिकृतले कुपन मार्फत थप इन्धन उपलब्ध गराउन सक्नेछन् ।

आज्ञाले,

कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिकाको मिति २०८० असार २९ गतेको कार्यपालिका बैठकको निर्णयानुसार स्वीकृत